# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

## Revolutionary Communist Party of Nepal

### एकता महाधिवेशन आयोजक समिति

### Unity Congress Organising Committee

पत्र संख्या/Serial No.
चलानी नं./Regd. No.

## प्रेस-वक्तव्य

बागलुङ जिल्लाको गलकोट नगरपालिका वडा नं. ९ रिस्मी निवासी नारायण सापकोटा कमरेड प्रकाशको हिजो २०८१ जेठ २८ गते ४९ वर्षको उमेरमा वीर अस्पतालमा असामयिक निधन भएको छ । विद्यार्थी जीवनदेखिनै अनेरास्ववियु (छैटौँ) बाट राजनीतिमा प्रवेश गर्नुभएका क. प्रकाश अखिल नेपाल ट्रेड युनियन महासङ्घ (अन्टुक) का अध्यक्ष, तत्कालीन नेकपा (मशाल)का पोलिटब्युरो सदस्य हुँदै पछिल्लो चरणमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको महाधिवेशन आयोजक समितिका सचिवालय सदस्य हुनुहुन्थ्यो । उहाँको निधनबाट क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले एकजना कर्मठ सदस्य र श्रमजीवि नेपाली जनताले आफ्नो एकजना इमान्दार नेता गुमाएको छ । उहाँ लामो समयदेखि ब्रेन ट्युमरको उपचारमा संलग्न हुनुहुन्थ्यो । उहाँका श्रीमति र दुई छोरीहरु हुनुहुन्छ । उहाँको निधनबाट हाम्रो पार्टी तथा नेपाली कम्युनिस्ट आन्दोलनलाई गंभीर क्षति हुन गएको छ । दुःखको यस घडीमा हाम्रो पार्टी क. प्रकाशप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँका श्रीमति एवम् छोरीहरुसहित सम्पूर्ण परिवार तथा आफन्तजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

मिति : २९ जेठ २०८१

किरण
संयोजक

सम्पर्क कार्यालय कुपण्डोल, सम्पर्क इमेल : rcp.nepal2023@gmail.com
Contact Office: Kupondole, Contact Email